# 'वाणिज्य सन्धि साफ्टाभन्दा संकुचित'

**कान्तिपुर संवाददाता**

काठमाडौं- नेपाल-भारत वाणिज्य सन्धिका विभिन्न प्रावधानलाई खुकुलो बनाउनुपर्ने विज्ञहरूले बताएका छन् ।

वाणिज्य मन्त्रालयको सहकार्यमा निजी क्षेत्रका संगठनहरूले सोमबार राजधानीमा गरेको छलफलमा बोल्दै विज्ञले यस्तो आवश्यकता औंल्याएका हुन् । उनीहरूले दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) सम्झौताभन्दा पनि वाणिज्य सन्धिका केही प्रावधान संकुचित रहेकाले परिवर्तन गर्नुपर्ने बताए ।

कार्यक्रममा पूर्व वाणिज्यसचिव पुरुषोत्तम ओझाले सन्धिमा साफ्टाले दिएका सुविधासमेत नराखिएको बताए । उनले यो सन्धिलाई खुकुलो पार्नुपर्नेमा जोड दिए ।

सन्धि नेपालका लागि त्यति धेरै सकारात्मक नभएकाले नवीकरण गर्दा कमसेकम साफ्टाबाट प्राप्त सुविधा उपलब्ध हुने गरी गर्नुपर्ने ओझाको तर्क छ । साफ्टाअन्तर्गत नेपालले कृषि वस्तु आयात गर्दा कर लगाउन पाउने प्रावधान रहेको भए पनि सन्धिअन्तर्गत कर लगाउन नपाउने व्यवस्था रहेको ओझाले बताए ।

अर्थशास्त्री पोषराज पाण्डेले आयातको आकार हरेक वर्ष बढ्दै गएकाले कच्चा पदार्थ, मेसिनरीलगायत नेपालको निर्यात बढाउने वस्तु आयातलाई मात्र फाइदा पुग्ने खालका प्रावधान राख्नुपर्ने बताए । उनले भारतले अफगानिस्तान, भुटान, बंगलादेश लगायतलाई उपलब्ध गराएको सुविधाको तुलनामा नेपाललाई भने कम सुविधा दिएको जानकारी दिए ।

उद्योग वाणिज्य महासंघ,

**'साफ्टा अन्तर्गत नेपालले कृषि वस्तु आयात गर्दा कर लगाउन पाउने प्रावधान रहेको भए पनि सन्धिअन्तर्गत कर लगाउन नपाउने व्यवस्था रहेको छ'**

उद्योग परिसंघ, चेम्बर अफ कमर्स र नेपाल-भारत उद्योग वाणिज्य संघको संयुक्त कार्यदलले नेपाल-भारत वाणिज्य सन्धि नवीकरणको पूर्वतयारीका क्रममा कार्यक्रम आयोजना गरेको हो ।

सन्धिको म्याद आगामी अक्टोबर २७ मा सकिँदै छ । त्यसपछि सन्धि सात वर्षका लागि स्वतः नवीकरण हुने छ । सन्धिमा समय अनुकूल संशोधन गर्नुपर्ने भएमा तीन महिना अगाडि नै सम्बन्धित पक्षले अर्को पक्षलाई जानकारी दिनुपर्ने छ । संशोधनको सुझाव संकलनका लागि लागि छलफल गरिएको हो ।

कार्यक्रममा वाणिज्य मन्त्रालयका सहसचिव रविशंकर सैंजुले आगामी सन्धि नवीकरणमा नेपाली पक्षले ध्यान दिनुपर्ने विषय र हाल देखिएका समस्याबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले नेपाली व्यवसायीको हित अनुकूल हुने प्रावधान सन्धिमा राख्नुपर्ने बताए ।

उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले नेपालमा भारतका तीन सयभन्दा बढी कम्पनीका औषधि बिक्री भए पनि नेपालका ४५ वटा उद्योगले निर्यात गर्न नसकेको बताए । उनले भारतले यसका लागि सहयोग गर्नुपर्ने बताए । चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले सन्धि नवीकरणमा नेपाली उद्योगी व्यवसायी अनुकूल बनाउन माग गरे ।

कार्यक्रममा भारतीय राजदूत रञ्जित रेले नेपाललाई सहयोग पुग्ने गरी सन्धि नवीकरण गराउन सहयोग गर्ने आश्वासन दिए । वाणिज्य सचिव इन्द्रप्रसाद उपाध्यायले नवीकरणमा नेपालको हित अनुकूल प्रावधान राखिने बताए । नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष सौर्य राणाले निजी क्षेत्रका सुझावलाई समेटेर नवीकरण गर्न सरकारलाई आग्रह गरे ।